# प्र.ह./प्र.ज.भीड नियन्त्रण तालिम

**१. परिचय,**

राज्यमा शान्ति सुरक्षा तथा अमन चयन कायम राख्न समाजका विविध क्षेत्रमा श्रृजना हुने भीड हूल र दंगाहरुको समुचित व्यवस्थापन र नियन्त्रण गर्र्ने नेपाल प्रहरीको जिम्मेवारी पुरा गर्न विद्यमान प्रहरी जवान दर्जामा कार्यरत प्रहरी कर्मचारीलाई श्रोत साधन र जनशक्तिको प्रभावकारी परिचालन गरी कानुनसम्मत र औचित्यपूर्ण ढंगले समन्वय तथा शक्तिको प्रयोग गर्ने सन्दर्भमा सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान तथा कौशल प्रदान गरी तहगत रुपमा अधिक जिम्मेवार र व्यवसायिक बनाउने उद्देश्यले यो तालिम संचालन गरिएको हो ।

**२. तालीमको उदेश्य :**

नेपाल प्रहरीमा कार्यरत प्रहरी जवानहरुलाई भिड, हूल र दंगाका अवस्थामा तहगत रुपमा कानुनसम्मत तरिकाले कारवाही गर्न शारीरिक एवं मानसिक रुपले सबल बनाउनु यस तालिमको प्रमुख उद्धेश्य रहेको छ ।

**३. प्रशिक्षण कार्यक्रम :**

**(क) सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण तर्फ :**

प्रशिक्षार्थीलाई कार्य क्षेत्रमा आवश्यक पर्ने सैद्धान्तिक एवं व्यवहारिक ज्ञान प्रदान गर्न निम्न बिषय समावेश गरी आन्तरिक प्रशिक्षण संचालन गरिने छ ।

१ भिड, हूल र दंगा

२ प्रहरी कारवाही तथा दायित्व

३ बल प्रयोगको कानूनी प्रकृया

४ प्रथामिक उपचार तथा घाइतेको उद्धार कार्य

५ कर्फ्यु र कर्फ्यु व्यवस्थापन

६ मानव अधिकारको संरक्षण

७ सार्वजनिक सेवा तथा सुबिधा

८ श्रोत तथा साधनहरुको प्रयोग

**(ख) शारिरीक अभ्यास प्रशिक्षण तर्फ :**

प्रशिक्षार्थीहरुलाई शारीरिक रुपले तन्दुरुस्त र मनोबल अभिवृद्धि गराउन निम्न बिषयहरु समावेश गरी व्यवहारिक अभ्यास गराईने छ ।

१ शारीरिक व्यायाम तथा खाली हात लडाई

२ खेलकूद तथा वाधापार

३ भिड नियन्त्रण

४ हतियार मस्केट्री तथा चांदमारी

**४. प्रशिक्षार्थीहरु :**

नेपाल प्रहरीका प्रहरी जवान तहमा कार्यरत प्रहरी कर्मचारीहरुवाट प्रक्षिक्षार्थीको चयन हुने छ ।

**५ तालिम अवधी :**

यस तालीमको १५ कार्य दिनको हुनेछ । शुक्रवार दैनिक ८ र अन्य दिनमा दैनिक १० कक्षाका दरले जम्मा १४६ कक्षा संचालन गरिने छ ।

**६. प्रशिक्षण बिधि :**

१ व्याख्या

२ समूहिक छलफल

३ नमुना प्रदर्शन अभ्यास

४ श्रव्यदृष्य, फोटो,पोष्टर, प्रदर्शन

**७. मूल्याङ्कन :**

प्रशिक्षार्थीहरुको मूल्याङ्कन निम्न बमोजिम अंकको आधारमा गरिनेछ । बिषयगत ४५ प्रतिशत र कुल पूर्णाङ्ढको ५० प्रतिशत अंक प्राप्त नगर्ने प्रशिक्षार्थी अनुत्तिर्ण मानिने छन ।

१ शैद्धान्तिक प्रशिक्षण तर्फ ..........................१००

२ शारिरीक अभ्यास प्रशिक्षण तर्फ...................१००

३ समादेशक मूल्याङ्कन र अनुशासन...............३०

जम्माः २३०

| **श्रेणी** | **प्राप्त प्रतिशत** |
|---|---|
| १. क श्रेणी : | ७५ प्रतिशत भन्दा माथी |
| २. ख श्रेणी : | ६० प्रतिशत देखि ७४.९ प्रतिशत सम्म |
| ३. ग श्रेणी : | ५० प्रतिशत देखि ५९.९ प्रतिशत सम्म |

**८ पोशाक ,**

प्रशिक्षण अवधीभर प्रशिक्षार्थीहरुले निम्न बमोजिम पेशाक प्रयोग गर्ने छन ।

**१ शारिरीक व्यायाम:** चुस्ताको सेट, बुट, वेभ बेल्ट र निलो मोजा

**२.कवाज :**चुस्ताको सेट, वेभ वेल्ट, बुट,निलो मोजा,फटिक क्याप

**३. बिहानको खानाः** कवाज ड्रेस (वेल्ट र टोपी बाहेक)

**४.खेलकुद :** गेम ड्रेस ,पि.टी. जुत्ता र निलो मोजा

**५.निरीक्षण कवाज :** मौसम अनुसारको वर्कीङ्ग ड्रेस ।

**६.सैद्धान्तिक कक्षा :**चुस्ता, पायन्ट र छालाको बुट ।

**७.रोलकल ड्रेस** : सर्ट, पाईन्ट, जुत्ता, मोजा र टोपी

**८.खालीहात लडाई अभ्यास** :गेम ड्रेस, पि.टी जुत्ता र निलो मोजा

**९.आउट ड्रेस :** सर्ट, पाईन्ट, जुत्ता मोजा, टोपी ।